नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०७४

## संवत् २०७९ साल जेठ ३१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद पुनरावलोकन समितिका अध्यक्ष श्री भीमकुमार ओझाले उक्त पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने। |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद पुनरावलोकन समितिको अध्यक्ष पदमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीबाट अवकाश प्राप्त गर्नु भएका श्री मोहनकृष्ण सापकोटालाई नियुक्त गर्ने। |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | APG (Asia Pacific Group on Money Laundering) को मिति २०७९ साउन ८ देखि १२ गतेसम्म मलेसियामा आयोजना हुने वार्षिक साधारण सभामा सहभागिताको लागि सचिवद्वय श्री धनराज ज्ञवाली र श्री उदयराज सापकोटाको वैदेशिक भ्रमण स्वीकृत गर्ने। |
| ४. | अर्थ मन्त्रालय | मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाललाई रातमाटे सवस्टेसन निर्माणका लागि नुवाकोट जिल्ला वेलकोटगढी नगरपालिकामा जग्गा उपलब्ध गराउने। |
| ५. | अर्थ मन्त्रालय | जापान सरकारबाट नेपालको मानव संशाधन विकासका लागि प्राप्त हुने जापानी येन ३७६ मिलियन (करिब रु. ३६करोड ६२ लाख) बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| ६. | अर्थ मन्त्रालय | मिति २०७९ असार ११ र १२ गते स्वीट्जरल्याण्डमा आयोजना हुने 92nd Annual General Meeting of the Bank for International Settlements विषयक कार्यक्रममा भाग लिन नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीलाई स्वीकृति दिने। |
| ७. | अर्थ मन्त्रालय | राष्ट्रिय बीमा कम्पनी लिमिटेडको अध्यक्षमा अर्थ मन्त्रालयका सहसचिव राजेश्वर ज्ञवालीलाई मनोनयन गर्ने। |
| ८. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७९ असार ६ देखि १३ गतेसम्म थाइल्याण्ड र भियतनाममा हुने Knowledge Sharing Workshop on Inclusive Financing Options for MSMEs/Co-operatives विषयक कार्यक्रममा सहभागी हुन सचिव श्री अर्जुन प्रसाद पोखरेललाई स्वीकृति दिने। |
| ९. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७९ असार ६ मा भर्चुअल माध्यमबाट हुने नेपाल-भुटान द्विपक्षीय व्यापार वार्तामा नेपालको तर्फबाट भाग लिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव डा. नारायण प्रसाद रेग्मीको नेतृत्वमा वार्ता टोली गठन गर्ने। |
| १०. | गृह मन्त्रालय | नेपालका लागि अस्ट्रियाका अवैतनिक वाणिज्यदूत श्री राजेशबाबु श्रेष्ठलाई अस्ट्रिया सरकारबाट प्रदान गरिने Decoration of Honour in Silver र "द ब्रिगेड अफ गुर्खाज" का भुतपूर्व सैनिकहरु श्री धर्मराज तमाङ र श्री |

| | | |
|---|---|---|
| | | विरबहादुर थापालाई बेलायतकी महारानीबाट प्रदान गरिने British Empire Medal (BEM) पदक ग्रहण गर्न स्वीकृति दिने। |
| ११. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नेपाल रेडक्रस सोसाइटीका साधारण सदस्यहरु मध्येबाट प्रा.सुदर्शन प्रसाद नेपालको अध्यक्षतामा तीन महिनाको लागि एक तदर्थ समिति गठन गर्ने। |
| १२. | श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय | नेपाल सरकार र बेलायत सरकारबीचको द्विपक्षीय श्रम सम्झौता स्वीकृत गर्ने। |
| १३. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | दक्षिण कोरियाको सिओलमा मिति २०७८ असार ९ देखि १२ गतेसम्म आयोजना हुने The world Tourism Industry Conference २०२२ र The 37th Seoul International Tourism Fair मा सहभागी हुन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री प्रेम बहादुर आलेलाई स्वीकृति दिने। |
| १४. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | तारागाउँ विकास समितिको अध्यक्षमा श्री सुरेशराज जोशी र सदस्य-सचिवमा श्री महेन्द्रकुमार थापालाई नियुक्त गर्ने। |
| १५. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०७९ असार ८ देखि १० गतेसम्म मेक्सिकोमा सञ्चालन हुने सूचना आयुक्तहरूको अन्तराष्ट्रिय वार्षिक सम्मेलनमा सहभागिता जनाउन राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गको नेतृत्वको भ्रमण टोलीलाई स्वीकृति दिने। |
| १६. | सहरी विकास मन्त्रालय | निजी आवास पुनर्निर्माण तथा प्रवलीकरणको कार्यलाई मिति २०७९ असार मसान्तसम्म निरन्तरता दिने। |
| १७. | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउन सम्बन्धी कार्यनीति, २०७८ स्वीकृत गर्ने। | |
| १८. | सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री तथा मिनाहा सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने। | |
| १९. | उपचार खर्च, राहत तथा आर्थिक सहायतासम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गर्ने। | |